**नीति जेके - विद्यार्थी अनुशासन**

अ. परिचय

क) शिक्षा बोर्डले डेनभर पब्लिक स्कूलहरू("डिस्ट्रिक्ट") का सबै विद्यार्थीलाई हाम्रो जस्तो विविधता भएको समाजमा योगदान दिने नागरिक तयार पार्नका लागि आवश्यक ज्ञान र सीप उपलब्ध हुने गरी शिक्षाको अवसर दिने लक्ष्यलाई समर्थन गर्दछ। विद्यार्थीहरूले हेरविचार गर्ने र उत्तरदायी व्यवस्थापनमा आफ्नो सीप, ज्ञान र दक्षता विकास गर्ने अवसर पाउनुपर्दछ। विद्यार्थीहरूले विविध सिकारूहरूको आवश्यकता सम्बोधन गर्नका लागि निर्माण गरिएको प्रभावकारी र संलग्नतापूर्ण शिक्षण, विविध पाठ्यक्रम, निर्देशन र मूल्याङ्कन पाउनुपर्दछ। विद्यार्थीहरूको सुरक्षित र अनावश्यक बाधाहरूबाट मुक्त विद्यालयमा पढ्ने अधिकार छ। प्रभावकारी अनुशासनात्मक कार्यक्रमहरूबाट पुनर्बल प्रदान गरिएको उपयुक्त विद्यार्थी व्यवहार सकारात्मक वातावरण निर्माण गर्नका लागि आवश्यक छ भन्ने कुरा बोर्ड विश्वास गर्दछ। यो विद्यार्थी, स्टाफ, अभिभावक र समुदायको सामूहिक प्रयाश हो।

आ. उद्देश्य

क) विद्यार्थी अनुशासनको उद्देश्य विद्यार्थीहरूलाई शैक्षिक उपलब्धि र विद्यालय सफलतामा योगदान गर्ने गरी र स्टाफहरू जिम्मेवार र आदरणीय भएको विद्यालय वातावरणलाई सहयोग गर्ने गरी व्यवहार गर्न लगाउनु हो।

ख) यस नीतिको उद्देश्य त्यस्तो विद्यालय अनुशासनलाई सहयोग गर्नु हो जसले:

अ) सुरक्षित र सुव्यवस्थित सिकाइ समुदायको व्यवस्थापन गर्छ;

आ) डिस्ट्रिक्टका सबै विद्यालयहरूमा एकरूपता निश्चित गर्छ;

इ) विद्यार्थी व्यवहारका लागि अपेक्षाहरू परिभाषित र सञ्चार गर्छ;

ई) विद्यार्थीको आवश्यकता, व्यवहारबाट सोझै प्रभावितहरूको आवश्यकता र समग्र विद्यालय समुदायको आवश्यकताबीच सन्तुलन कायम गर्छ;

उ) जातिय, नश्लिय र सांस्कृतिक समूहका साथै अन्य संरक्षित वर्ग (लिङ्ग, रङ, उत्पत्ति राष्ट्र, पितापुर्खा, धर्म, उमेर, असक्तता, यौनिक झुकाव, र लैङ्गिक पहिचान) बीचको समानता सुनिश्चित गर्छ।

इ. सामान्य सिद्धान्त

क) विद्यालय अनुशासनलाई सबैभन्दा राम्ररी त्यतिबेला प्राप्त गर्न सकिन्छ जतिबेला दुर्व्यवहार हुनुभन्दा अगावै त्यसलाई रोकिन्छ र भैसकेपछि प्रभावकारी हस्तक्षेप गरिन्छ।

ख) विद्यालय सुरक्षा र शैक्षिक सफलता त्यसबेला निर्माण र सबल हुन्छन् जब समग्र विद्यालय स्टाफ र पर्सोनेलहरूले विद्यार्थीहरूसँग सकारात्मक सम्बन्ध बनाउँछन् र क्रियाशील रूपमा जीवन र सिकाइमा संलग्न हुन्छन् ।

ग) प्रभावकारी विद्यालय अनुशासनले विद्यार्थीहरूले सिक्ने समय वृद्धि गर्दछ र उनीहरूले अवरोध गर्ने समय वा दुर्व्यवहारका कारण कक्षाकोठाबाट विस्थापनको सम्भावनालाई न्यून पार्छ ।

घ) विद्यालय अनुशासन युक्तिसङ्गत, समयानुकुल, विभेदरहित, उमेर-सापेक्ष हुनुपर्दछ र विद्यार्थीको दुर्व्यवहारको गम्भीरतासँग मेल खाने हुनुपर्दछ । सार्थक निर्देशन र मार्गदर्शनसँग मिश्रित विद्यालय अनुशासनले विद्यार्थीहरूलाई आफ्नो गलतीबाट सिक्ने अवसर प्रदान गर्दछ साथै विद्यालय समुदायलाई योगदान पनि गर्दछ र यसले विद्यार्थीहरूलाई सिकाइमा पुनः संलग्न गराउने सम्भावना बढी हुन्छ ।

ङ) प्रभावकारी अनुशासन निरन्तर र प्रभावकारी कक्षाकोठा व्यवस्थापनमा आधारित हुन्छ र सकारात्मक विद्यालय वातावरणबाट थेगिएको हुन्छ । अनुशासनका अधिकतम मुद्दाहरू शिक्षकहरूद्वारा कक्षाकोठा तहमै सम्बोधन गरिनुपर्दछ; यद्यपि यस तहमा सम्बोधन गर्न नसकिने व्यवहारहरूले व्यक्तिकृत मूल्याङ्कनले निर्धारण गरेअनुसार बढी लक्षित र गहन हस्तक्षेपहरू प्राप्त गर्नुपर्छ ।

च) डिस्ट्रिक्टले विविधतायुक्त समुदायलाई सेवा गर्दछ । सबै विद्यार्थीहरूलाई सेवा दिनका लागि र उनीहरूलाई बढ्दो विविधतायुक्त समुदायका लागि तयार गर्नका लागि, विद्यालय र स्टाफहरूले सांस्कृतिक दक्षता निर्माण गर्नुपर्दछ । हामीले सफलताका लागि बाधा उत्पन्न गर्ने कुनै पनि प्रकारको संस्थागत जातियता र अन्य कुनै प्रकारको विभेद अन्त्य गर्नका लागि मरिमेट्नु पर्दछ ।

छ) अनुशासनात्मक कार्वाहीमा पर्ने विद्यार्थी व्यवहारमा त्यस्ता व्यवहार पर्छन् जो पाठ्यक्रमीय वा अतिरिक्त क्रियाकलापका बेला, कक्षाकोठामा, विद्यालय भवनहरूमा, विद्यालय मैदानमा वा विद्यालय बाहनमा प्रदर्शित हुन्छन् र जब त्यस्ता व्यवहार विद्यालय वातावरण र विद्यार्थी वा विद्यालय पर्सोनेलको सुरक्षा र कल्याणका लागि खतरनाक हुन्छन् ।

ई. नीतिको सामान्य कथन (वक्तव्य)

क) डिस्ट्रिक्टको अनुशासन पद्धति व्यक्तिगत उत्तरदायित्वमा बनेको छ जसले निम्न कुरा बुझिन्छ भन्ने बुझाउँछ:

अ) दुर्व्यवहारले दुर्व्यवहार गर्ने व्यक्ति वा व्यक्तिहरू, दुर्व्यवहारबाट पीडित व्यक्ति र समग्रमा समुदाय बीचको सम्बन्ध क्षति गर्छ भनी पहिचान गर्नु;

आ) दुर्व्यवहार गर्ने व्यक्तिलाई बहिस्कार गर्नुभन्दा, गरिएको हानी बेहोर्ने अवसर र सम्भव भए सम्म सम्बन्ध पुनस्थापित गर्ने अवसर प्राप्त हुनु;

इ) व्यक्तिहरूलाई परानुभूति, आत्म-नियन्त्रण र उत्प्रेरणा विकसित गर्न सहयोग गरेर व्यक्तिगत उत्तरदायित्वको निर्माण गर्नु ।

ख) विद्यालय अनुशासन हस्तक्षेपहरूलाई निम्न सिद्धान्तहरूले मार्गदर्शन गरेको हुनुपर्दछः

अ) सङ्घर्षयुक्त विद्यार्थीहरू पछि पर्नुभन्दा पहिले नै उनीहरूको प्रारम्भिक पहिचान र मूल्याङ्कनको अभ्यास गर्नु;

आ) विद्यार्थी आवश्यकतासँग मेल खाने हस्तक्षेपहरू प्रदान गर्नका लागि समस्या समाधान प्रक्रिया प्रयोग गर्नु;

इ) समयानुकुल प्रगतिको अनुगमन र पृष्ठपोषण सुनिश्चित गर्नु ;

ई) वैज्ञानिक, अनुसन्धान-आधारित निष्ठासहितका हस्तक्षेपहरू प्रदान गर्नु ।

ग) तीन प्रकारका हस्तक्षेप रणनीतिहरू उपलब्ध छन् : प्रशासकीय, पुनर्स्थापनात्मक र सिप-आधारित/उपचारात्मक । विशेष गरी दोस्रो र तेस्रो उल्लङ्घनहरूका लागि दुर्व्यवहारसँग व्यवहार गर्दा शिक्षक र प्रशासकहरूले विभिन्न रणनीतिहरू प्रयोग गर्ने, वा बहु-रणनीतिहरू प्रयोग गर्ने कुरा विचार गर्नुपर्दछ ।

घ) डिस्ट्रिक्टले विद्यालय आधारित स्रोतहरूद्वारा न्युनतम सम्भावित तहमा विद्यार्थीको दुर्व्यवहार सच्याउन हरसम्भव प्रयास गर्नेछ र विद्यार्थीलाई सकारात्मक विद्यालय वातावरण वृद्धि गर्न र नकारात्मक व्यवहार हटाउन चाहिने सिपहरू सिक्नका लागि सहयोग गर्नेछ ।

ङ) डिस्ट्रिक्ट कर्मचारीहरूले अनुशासनसम्बन्धी कुराहरू डिल गर्दा सबै लागू हुने फेडेरल र कानुनी ऐनहरू र शहर अध्यादेशहरूका साथै सबै सान्दर्भिक बोर्ड नीतिहरू र प्रक्रियाहरू पालना गर्नुपर्नेछ ।

च) प्रत्येक विद्यार्थीले यो नीति र संलग्न प्रक्रियाहरूको पालना गर्नुपर्नेछ ।

छ) सबै विद्यार्थीहरूलाई व्यवहारको उच्च स्तरमा राखिनेछ, र वयस्कहरूले सो स्तर पढाएर, मोडलिङ गरेर र व्यवहार अनुगमन गरेर एवम् आवश्यक भएमा दुर्व्यवहार सच्चाएर कायम गर्नेछन् । विद्यार्थीहरूले आफ्नो विद्यालय र कक्षाकोठाका लागि अनुशासन नियमहरूको विकासमा निवेश गर्नुपर्नेछ ।

ज) विद्यालयहरूले विद्यालय बाहिरको निलम्बन, निष्कासनका लागि सिफारिस र कानुन कार्यान्वयनका लागि सिफारिसको प्रयोग, व्यावहारिकताले दिएसम्म र राज्य ऐन, स्थानीय अध्यादेश र अनिवार्य सूचना कानुनहरूसँग सहवर्ती हुँदै कम गर्दै लानुपर्नेछ । डेनभर पब्लिक स्कूल र शिक्षा बोर्डको लक्ष्य विद्यालय

आधारित दुर्व्यवहारलाई सम्बोधन गर्नका लागि जुभेनाइल र अपराध न्याय पद्धतिको प्रयोग सकेसम्म कम होस् भन्ने हो ।

झ) अनुशासन प्रक्रियाहरूले सबै विद्यार्थीहरूलाई सही विधिको ग्यारेन्टी गर्नुपर्दछ र एकैकिसिमले, इमानदारीपूर्वक, सहवर्तीरूपमा कसैलाई पनि नश्लियता, जात, रङ, धर्म, उत्पत्ति राष्ट्र, पितापुर्खा, लिङ्ग, यौनिक झुकाव, उमेर वा असक्तताका आधारमा विभेद नगर्ने किसिमले कार्यान्वयन गरिनुपर्दछ ।

ञ) यो नीति र संलग्न प्रक्रियाहरूको उद्देश्य डिस्ट्रिक्टलाई व्यवहार, विद्यालय वातावरण र सबै विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार्दै विद्यालय अनुशासनमा जातिय र नस्लिय असमानता, र अन्य कुनै संरक्षित वर्ग असमानता हटाउन  सहयोग गर्नु हो ।

ट) प्रभावकारी विद्यालय अनुशासन लागू गर्नका लागि सही र सम्पूर्ण तथ्याङ्क सङ्कलन आवश्यक हुन्छ । यसले समस्या पहिचान, समाधान निर्माण र अनुगमन प्रगतिलाई सहयोग गर्छ ।

ठ) शिक्षा बोर्डले यहाँ यस नीति र संलग्न प्रक्रियाहरू/नियमनहलाई डिस्ट्रिक्टका लागि सि.आर.एस. २२–३२–१०९.१ ले मान्यता दिए अनुसार सुरक्षित विद्यालय योजनाका रूपमा अवलम्बन गर्दछ । विद्यालयहरू आफ्नै व्यवहार नियमावली लागू गर्न स्वतन्त्र छन् जबसम्म ती योजनाहरू यस नीति, संलग्न नियमन र अन्य बोर्ड नीतिहरूसँग बाझिँदैनन् र ती नियमावलीहरूलाई सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले स्वीकृत गर्दछन् ।

ड) डिस्ट्रिक्टले यस नीतिलाई डिस्ट्रिक्टको वेबसाइट र प्रत्येक विद्यालयमामा पोस्ट गर्नेछ । यस नीति र संलग्न प्रक्रियाहरूको प्रति विद्यालयको प्रशासन कार्यालयबाट स्प्यानिस र अङ्ग्रेजी दुवैमा तत्कालै उपलब्ध हुनेछ । यस नीतिका प्रतिहरू र संलग्न प्रक्रियाहरू/नियमनहरू र विद्यालय नियमहरू, अनुरोध गरेको खण्डमा प्रत्येक विद्यार्थी र आमाबाबु/अभिभावकलाई उपलब्ध गराइनेछ र अनुरोधमै आमाबाबु/अभिभावकले बुझ्ने भाषामा चुस्तदुरुस्त रूपमा अनुवाद गर्न लगाइनेछ ।

ढ) सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने प्रक्रियाहरू विकसित गर्नेछन् ।

स्वीकृत जनवरी १४, १९९४
परिमार्जित सेप्टेम्बर ५, १९९६
परिमार्जित जुन १८, २०००
परिमार्जित जुन २१, २००१
परिमार्जित नभेम्बर १५, २००१
परिमार्जित डिसेम्बर १८, २००३
परिमार्जित अगस्ट २१, २००८
कानुनी सन्दर्भ सि.आर.एस. १८–१२–१०५.५

सि.आर.एस.१८–१८–१०२
सि.आर.एस. १८–१८–४०६
सि.आर.एस.१८–१८–४०७ (२)
सि.आर.एस. २२–३२–१०२ (१) (डब्लु)
सि.आर.एस. २२–३२–२०९
सि.आर.एस. २२–३२–११०(२)(३)(४)
सि.आर.एस.२२–३२–१२६
सि.आर.एस. २२–३३–१०५
सि.आर.एस.२२–३२–१०६
सि.आर.एस.२२–३२–१०९.ए(२)एक्स
२० यु.एस.सि ८८९२१
सि.आर.एस.२२–३२–१०९.१ (सुरक्षित विद्यालय योजनाको स्वीकृति र कार्यान्वयन, व्यवहार र अनुशासन नियमावली र कक्षाबाट अनुशासनात्मक विस्थापन सहित)